REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 24.03.2026

## सिक्किमका मुख्यमन्त्रीले सम्मान भवनमा बैठकको अध्यक्षता गर्नुभयो

आगामी आम नगरपालिका चुनाव 2026 का लागि सिक्किम क्रान्तिकारी मोर्चाका उम्मेदवारहरूसँग गान्तोकको सम्मान भवनमा सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामांगले एउटा बैठकको अध्यक्षता गर्नुभयो।

परिचय सत्रमा, श्री तामाङले सबै उम्मेदवारहरूलाई हार्दिक बधाई दिनुभयो र उनीहरूको निरन्तर समर्पण र पार्टीप्रति बहुमूल्य योगदानले उनीहरूलाई जनताको प्रतिनिधित्व गर्ने यो अवसर दिएको छ, भन्नुभयो।

उहाँले सिक्किमको कल्याणप्रति जिम्मेवारी र प्रतिबद्धताको महत्त्वमा जोड दिंदै, उम्मेदवारहरूलाई चुनावी प्रक्रियाको क्रममा जनताको विश्वास कायम राख्न आग्रह गर्नुभयो।

## सिक्किमका मुख्यमन्त्रीः सोनम पालजोर तामाङ भेट

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज रिंचेनपोङका सोनम पालजोर तामाङलाई आफ्नो सरकारी निवासमा भेट्नु भयो।

मुख्यमन्त्रीले नेपालमा आयोजना भइरहेको मेरो कविता - द रिदम अफ पोएट्री (सिजन 1) को फाइनलमा पुगेकोमा उनलाई बधाई दिंदै grand finale का लागि शुभकामना पनि दिनुभयो।

राज्यपालले सिक्किमको लोक भवनमा धार्मिक विभागका मन्त्री सोनाम लामासँग भेट गर्नुभयो

जनस्वास्थ्य अभियांत्रिकी तथा धार्मिक मामिला मन्त्री सोनाम लामाले आज सिक्किमको लोक भवनमा राज्यपाल ओमप्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो। रामोत्सव समिति का मुख्य सरंक्षक समेत रहनु भएका मन्त्री लामा, रामोत्सव समितिका अध्यक्ष र अन्य कार्यकारी सदस्यहरूसँगै उक्त कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो। प्रतिनिधिमण्डलले राम नवमी उत्सवको एक भागको रूपमा 26 मार्चमा ठाकुरबारी मन्दिरमा आयोजना हुने कलश यात्रा, शोभा यात्रा र ध्वज यात्रामा राज्यपाललाई निम्तो दिएको थियो।

यसका साथै, समितिले 27 मार्च देखि 4 अप्रिल ४ सम्म ठाकुरबारी मन्दिरमा आयोजना हुने नौ दिने श्री राम कथा कार्यक्रमको बारेमा पनि राज्यपाललाई जानकारी गराएको थियो।

विश्व क्षयरोग दिवस 2026 पाकिममा मनाइयो

सिक्किम सरकारको राज्य क्षयरोग प्रकोष्ठ, स्वास्थ्य तथा परिवार कल्याण विभागले आज पाकिमको ग्रामीण परिसरमा "हो, हामी क्षयरोग अन्त्य गर्न सक्छौं देशहरूको नेतृत्वमा, मानिसहरूद्वारा सञ्चालित" भन्ने विषयवस्तुमा विश्व क्षयरोग दिवस 2026 मनायो।

क्षयरोगको कारण, लक्षण, रोकथाम र उपचारको बारेमा जागरूकता जगाउन आज विश्व क्षयरोग दिवस विश्वव्यापी रूपमा मनाइँदैछ। यस अवसरमा सय दिने क्षयरोग मुक्त भारत अभियानको दोस्रो चरणको शुरुवात पनि गरियो।

कवि एवम् चित्रकार दीपा राई, एलडी राई 'मिक्खोले' प्रतिभा पुरस्कारले पुरस्कृत

दक्षिण सिक्किम साहित्य सम्मेलन कवियंत्री एवम् चित्रकार दीपा राईलाई, साहित्य र चित्रकलामा पुऱ्याएको योगदानको कदर गर्दै, एलडी राई 'मिक्खोले' प्रतिभा पुरस्कारद्वारा सम्मानित गरेको छ। सम्मेलनले आफ्नो 31औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा उनलाई उक्त पुरस्कार प्रदान गरेको हो। कार्यक्रममा विभिन्न साहित्यकार तथा स्रष्टाहरूको उपस्थिति रहेको थियो। कथा, कविता, नाटक र व्यङ्ग्य लेखनमार्फत समाजका विभिन्न पक्षलाई उजागर गर्ने एलडी राई 'मिक्खोले', सिक्किमका एक बहुआयामिक साहित्यकार थिए।

प्रवीण राई जुमेलीलाई 'शिवकुमार राई स्मृति पुरस्कार'

यसैगरि सो अवसरमा साहित्यकार प्रवीण राई जुमेलीलाई 'शिवकुमार राई स्मृति पुरस्कार' ले सम्मानित गरेको छ। कार्यक्रमको औपचारिक सत्रमा उहाँलाई अंगवस्त्र, सम्मानपत्र तथा नगदसहित 'शिवकुमार राई स्मृति पुरस्कार' प्रदान गरिएको थियो।

दक्षिण सिक्किम साहित्य सम्मेलनद्वारा आयोजित कार्यक्रममा साहित्यप्रेमीहरूको उल्लेखनीय सहभागिता साथै प्रमुख अतिथि, विशिष्ट अतिथि, विभिन्न साहित्यिक संघ-संस्थाका प्रतिनिधि, कवि, लेखक तथा बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो।

सर्वोच्च अदालतको फैसलाः अनुसूचित जाति

भारतको सर्वोच्च अदालतले आज स्पष्ट पारेको छ कि हिन्दू, सिख वा बौद्ध धर्म बाहेक अन्य धर्ममा धर्म परिवर्तन गर्ने व्यक्तिहरू अनुसूचित जाति (एससी) दर्जा दाबी गर्न योग्य छैनन्। अदालतले भन्यो कि एससी मान्यता यी तीन धर्म मान्नेहरूमा मात्र सीमित छ। अदालतले थप भन्यो कि त्यस्ता व्यक्तिहरू अनुसूचित जाति र अनुसूचित जनजाति (अत्याचार निवारण) ऐन अन्तर्गत सुरक्षा प्राप्त गर्ने योग्य पनि हुनेछैनन्।

मसला बोर्ड अनुसन्धान विभाग

भारतीय अलैंची अनुसन्धान संस्थान, क्षेत्रीय अनुसन्धान केन्द्र, गान्तोकको मसला बोर्ड अनुसन्धान विभागले आज देन्तामममा इनपुट वितरण कार्यक्रम आयोजना गर्यो।

यो कार्यक्रम अखिल भारतीय समन्वित मसला अनुसन्धान परियोजना ICAR- र IISR, कोझिकोड अन्तर्गत, साँखु राधु खान्डु क्षेत्र प्रचार कार्यालयसँगको सहकार्यमा सञ्चालन गरिएको थियो।